नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

फोन नं. ०१०-५४०१३१/१३३
०१०-५४०१३२(प्र.जि.अ.)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Map: 476W+J6F

बागमती प्रदेश

प.सं.: ०८१/८२
च.नं.: १५६८

# विपद् सूचना

सूचना नं. ३,
प्रकाशन मितिः २०८२।०३।२९ गते।

यस कार्यालयले जलवायु तथा मनसुनजन्य विपद्बाट हुनसक्ने सम्भावित क्षतिको न्यूनीकरणका लागि आम सरोकारवालाहरूलाई आवश्यक पूर्वतयारी तथा सचेतनाका लागि समय समयमा सूचित गर्दै आईरहेको छ। यसैबीच मिति २०८२।०३।२४ गते अन्दाजी बिहान ३:०० बजे रसुवागढी नाका भई नेपाल प्रवेश गर्ने भोटेकोशी नदीमा हिमबाढी आई यस जिल्लामा ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति भएको व्यहोरा अवगत नै छ। जल तथा मौसम विज्ञान विभाग र चिनीयाँ पक्षबाट समेत आगामी केही दिन यस क्षेत्रमा भारी बर्षाका कारण नदीको बहाव बढ्न सक्ने हुँदा विपद्को जोखिम हुनसक्ने सम्भावना रहेको भनी आवश्यक पूर्वतयारी र सावधानीका लागि सूचना प्राप्त भएकाले रसुवा जिल्ला भई बहने (भोटेकोशी नदी, त्रिशुली नदी, लाङटाङ खोला, चिलिमे खोला र यस जिल्लामा अवस्थित अन्य नदी/खोला आसपासका) क्षेत्रमा मनसुनजन्य विपद्को जोखिम रहेकाले उक्त क्षेत्रहरूमा बसोबास गर्नु हुने आम जनसमुदाय, नदी आसपासमा निर्माणाधिन तथा सञ्चालित आयोजनाहरू र नदीको तटीय क्षेत्रमा अवस्थित कार्यालयहरूले आवश्यक पूर्वतयारी एवम् सावधानी अपनाउनु हुन अनुरोध छ। साथै, सम्भावित विपद्बाट यस जिल्लामा सञ्चालित सडक मार्गहरूमा समेत क्षति तथा अवरोध पुग्न सक्ने भएकाले यातायातका साधन सञ्चालन गर्दा र यात्रा गर्दा आवश्यक सावधानी अपनाउनु हुन समेत अनुरोध छ।

मितिः २०८२।०३।२९, ने.सं.११४५,
समयः बेलुकी ४:३० बजे।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी/सूचना अधिकारी